# उच्च अदालत पाटन

वर्ष १ अङ्क ४ इ-बुलेटिन असोज २०८१

## शुभकामना



हामी नेपालीहरुको महान चाड बडादशैंको संघारमा छौं। बडादशैं लगत्तै तिहार एवम् नेपाल संवतको नयाँ वर्ष र छठ पर्व नजिकै आउँदै छन्। विक्रम संवत २०८१ सालका यी चाडपर्वको अवसरमा यहाँहरु सबैमा सुख, शान्ति, सम्बृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकाना प्रकट गर्दछु। हामी सबैले हार्दिकता र सद्भावपूर्वक यी चाडपर्वहरु उल्लासमयरुपमा मनाउन सकौं भन्ने कामनासमेत गर्दछु। यी चाडपर्व मनाउनका लागि गरिने यात्रा सुखद र मंगलमय होस् भन्ने कामना गर्दछु।

सँस्कृति हाम्रो पहिचान हो । चाडपर्वहरू सँस्कृतिका आधार हुन् । बडादशैं, तिहार, छठ लगायतका पर्वहरू हाम्रा लोक सँस्कृति हुन् । लोक सँस्कृतिका रूपमा रहेका हाम्रा यी चाडपर्वहरूका अवसरमा गरिने पारिवारिक जमघट र धार्मिक उत्सवपछि अग्रजहरुबाट प्राप्त हुने आशिर्वाद र आशिर्वचनले आपसी सहसम्बन्ध, सद्भावना, सहिष्णुता र भातृत्वमा अझ अभिबृद्धि गर्नुका अतिरिक्त थप उर्जाशीलरुपमा आफ्ना कार्यक्षेत्रमा लाग्न, हाम्रा न्यायिक कार्य सम्पादन अझ निष्ठापूर्वक र समर्पणका साथ गर्न प्रेरित गर्नेछ भन्ने विश्वास व्यक्त गर्दछु। यो अवसरमा स्वतन्त्र न्यायपालिकाका मूल्य मान्यता र न्यायिक कार्य सम्पादनकाबारेमा आफू रहे पुगेको स्थानमा आ-आफ्ना परिवार र समुदायमा जानकारी प्रवाह गरी अदालतप्रतिको जनआस्था अभिबृद्धि गर्नका लागि सम्पूर्ण न्यायिक क्षेत्रमा क्रियाशील जनशक्तिले संवाहकको भूमिका निर्वाह गर्नु हुनेछ भन्ने विश्वास लिएको छु।

अन्त्यमा, यी चाडपर्वमा हुने पारिवारिक जमघट र धार्मिक उत्सवपछि अझ बढी उर्जाशील भई न्यायिक कार्य सम्पादनमा लाग्न थप उत्प्रेरित हुन सकौं भन्ने सद्भावना र कामनासहित यहाँहरु यी महान् चाडपर्वहरूका सुखद अवसरमा सबैमा **हार्दिक मंगलमय शुभकामना।**

**नृपध्वज निरौला**
मुख्य न्यायाधीश

गतिविधिहरु

## सामाजिक सुरक्षा कार्यक्रम र कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न




**उच्च अदालत पाटनको आयोजनामा मिति २०८१।५।२८ मा नेपालमा योगदानमा आधारित *सामाजिक सुरक्षा कार्यक्रम र कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम* सम्पन्न भयो।**

उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलाको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा माननीय महान्यायाधिवक्ता श्री रमेश बडाल, उच्च अदालत पाटनका माननीय न्यायाधीशहरु एवम् रजिष्ट्रार सहितका कर्मचारीहरु, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका निमित्त सचिव, सामाजिक सुरक्षा कोषका सञ्चालक समितिका सदस्य तथा कोषका कार्यकारी निर्देशक सहितका कर्मचारीहरुको उपस्थिति रहेको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा सामाजिक सुरक्षा कोषको अवधारणा, योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम र कार्यान्वयनको हालकोअवस्था, कोषमा आइपरेका चुनौतीहरु, उक्त कोषले गरेका न्यायिक निर्णय उपर पुनरावेदनको रोहमा दायर भएका मुद्दाको अवस्था, कोषले गर्ने न्यायिक कामकारवाहीलाई प्रभावाकारी बनाउने उपायसमेतका विषयमा ***सामाजिक सुरक्षा कोष***का तर्फवाट दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो भने माननीय महान्यायाधिवक्ता श्री रमेश बडालले सामाजिक सुरक्षा कोषको नीतिगत विकास एवम् कोषले औद्योगिक शान्तिमा पुर्‍याएको योगदानको बारेमा प्रकाश पार्नु भएको थियो। कार्यक्रममा प्रस्तुत कार्यपत्रहरु उपर सहभागीहरुका बीचमा छलफल भएको थियो।

## निजामती सेवा दिवसको अवसरमा कर्मचारीहरू पुरस्कृत




निजामती सेवा दिवस, २०८१ को अवसरमा यस अदालतमा कार्यरत कर्मचारीहरूमध्ये उत्कृष्ट कर्मचारीहरू पुरस्कृत गरियो। २१औं निजामती सेवा दिवसको अवसरमा २०८१ भाद्र २३ गते आयोजना गरिएको पुरस्कार वितरण कार्यक्रममा कर्मचारीहरू लाई पुरस्कृत गरिएको हो । शाखा अधिकृत श्री दिन राज निरौला, इजलास अधिकृत श्री सावित्रा घिसिङ, नायब सुब्बा श्री राजबहादुर रावत, नायब सुब्बा श्री धनराज थापा र कार्यालय सहयोगी श्री रिता मालीले आर्थिक वर्ष २०८०/८१ को लागि पुरस्कार प्राप्त गर्नुभएको हो। माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा माननीय न्यायाधीश श्री लालबहादुर कुवँर, माननीय न्यायाधीश श्री लेखनाथ पौडेल र रजिष्ट्रार श्री श्रीलाल पौडेलसहित सम्पूर्ण कर्मचारीको उपस्थिति रहेको थियो। कार्यक्रममा स्वागत मन्तव्यका क्रममा रजिष्ट्रार श्री श्रीलाल पौडेलले सम्पूर्ण निजामती कर्मचारीहरु लाई शुभकामना दिनु भएको थियो। प्रमुख अतिथि माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलाले पुरस्कृत हुने कर्मचारीहरूलाई बधाइ ज्ञापन गरी निजामती सेवा प्रति लाग्दै आएका आरोपहरू लाई चिर्दै कर्मचारीतन्त्र अगाडि बढ्नु पर्ने र कर्मचारीतन्त्रको विकल्प सुधारिएको कर्मचारीतन्त्र मात्र भएको कुरा उल्लेख गर्दै न्याय सेवामा कार्यरत कर्मचारीहरूले अझ वढी जिम्मेवारी वहन गर्दै प्रचलित नियम कानून तथा **अदालतमा कार्यरत कर्मचारीको आचार संहिता, २०७५** लाई अनुशरण गरी काम गर्नुपर्ने बताउनु भएको थियो।

## सरुवा भई जानुहुने माननीय न्यायाधीशहरूको विदाइ कार्यक्रम सम्पन्न



न्याय परिषदको मिति २०८१।०४।१५ को निर्णयानुसार यस अदालतबाट सरुवा भएर अन्य अदालतमा जानुभएका माननीय न्यायाधीश श्री  ध्रुवराज नन्दको मिति २०८१।०५।०५ गते माननीय न्यायाधीशहरु श्री धीर बहादुर चन्द, श्री जनक पाण्डे, श्री श्यामजी प्रधान, श्री हरि प्रसाद पौडेल, श्री सुदर्शनराज पाण्डे र श्री दीपेन्द्र अधिकारीको मिति २०८१।०५।०९ गते र माननीय न्यायाधीश श्री राज्यलक्ष्मी वज्राचार्यको मिति २०८१।०५।१७ गते बिदाइ गरियो।

उच्च अदालत पाटन

## तिजको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न



हरितालिका तिजको अवसरमा मिति २०८१।०५।१४ गतेका दिन यस अदालतको आयोजनामा सम्पूर्ण महिला कर्मचारीहरुबीच शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो। अनौपचारिक रुपमा सम्पन्न भएको उक्त कार्यक्रममा माननीय न्यायाधीशज्यु श्री राज्यलक्ष्मी बज्राचार्य र माननीय न्यायाधीशज्यु श्री अञ्जु उप्रेती ढकाल सहित अदालतका रजिष्ट्रार एवं सम्पूर्ण महिला कर्मचारीहरुको उपस्थित रहेको थियो। उक्त कार्यक्रममा रजिष्ट्रार श्री श्रीलाल पौडेलले उपस्थित सम्पूर्णमा शुभकामना प्रदान गर्नुभएको थियो। उपस्थित महिला न्यायाधीशद्वय एवं कर्मचारीहरुबीच नाचगानसहित एक आपसमा शुभकामना आदानप्रदान गरी कार्यक्रमको समापन भएको थियो।

## वाणिज्य इजलासका मुद्दा सुनुवाइका लागि थप न्यायाधीशहरुलाई जिम्मेवारी प्रदान

उच्च अदालत पाटनमा वाणिज्य इजलासको मुद्दा हेर्ने गरी थप ५ जना माननीय न्यायाधीशज्यूहरूलाई जिम्मेवारी तोकिएको छ। सर्वोच्च अदालतको मिति २०८१।५।२७ को निर्णय भएबमोजिम माननीय न्यायाधीशहरू श्री लालबहादुर कुँवर, श्री टंकप्रसाद गुरुङ, श्री डालकुमार खड्का, श्री ऋषि राजभण्डारी रश्री खडानन्द तिवारीलाई जिम्मेवारी थपिएको हो। यस अगाडि वाणिज्यतर्फको इजलासको लागि माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौला, माननीय न्यायाधीशहरू श्री लेखनाथ पौडेल, श्री सुदर्शनदेव भट्ट, श्री मुनेन्द्रप्रसाद अवस्थी, श्री अन्जु उप्रेती ढकाल, श्री श्यामकुमार भट्टराई, श्री ब्रजेश प्याकुरेल, श्री चन्द्रमणि ज्ञवाली, श्री प्रकाश खरेल र श्री कृष्णराम कोइरालाले वाणिज्य इजलासमा पेश हुने मुद्दाको सुनुवाइ गर्दै आउनुभएको थियो। नयाँ न्यायाधीशहरु थपिएसँगै वाणिज्य इजलासका मुद्दा हेर्ने न्यायाधीशको संख्या १६ जना पुगेको छ।



## शाखा अधिकृत घिमिरेको विदाइ

उमेर हदका कारण अनिवार्य अवकाश हुनुभएका शाखा अधिकृत श्री भुवन प्रसाद घिमिरेलाई मिति २०८१/०५/१३ विदाइ कार्यक्रमको आयोजना गरी विदाइ गरियो। मिति २०४४/१२/१८ मा रा.प.अनं. तृतीय श्रेणीवाट निजामती सेवामा स्थायी नियुक्ति हुनुभएका घिमिरेले उमेरहदका कारण मिति २०८१/०५/१४ गतेबाट अनिवार्य अवकाश प्राप्त गर्नु भएको थियो।

## आन्तरिक मासिक समिक्षा कार्यक्रम सम्पन्न



माननीय न्यायाधीश श्री टीकाराम आचार्यलाई सम्मान गर्दै

उच्च अदालत पाटनको वार्षिक कार्ययोजना २०८१/०८२ ले श्रावण महिनाको लागि निर्धारण गरेका लक्ष्य एवम् प्रगतिका सम्वन्धमा मिति २०८१।०५।१२ गते आन्तरिक समीक्षा कार्यक्रम सम्पन्न भयो। वार्षिक कार्ययोजनाले श्रावण महिनामा ७६८ थान मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा ६६९ थान अर्थात कुल लक्ष्यको ८७.१ प्रतिशत मुद्दा फछ्र्यौट भएको थियो। उक्त समीक्षा कार्यक्रममा श्रावण महिनामा सवैभन्दा बढी मुद्दा फैसला गर्ने माननीय न्यायाधीश श्री टिकाराम आचार्यलाई माननीय मुख्य न्यायाधीश श्री नृपध्वज निरौलाले खादा लगाइ सम्मान गर्नु भएको थियो। न्यायाधीश आचार्यले श्रावण महिनामा ९९ थान फैसला गर्नुभएको थियो।

## माननीय न्यायाधीशहरुको स्वागत

न्याय परिषदको मिति २०८१।०४।१५ को निर्णय अनुसार यस अदालतमा सरुवा भई आउनुभएका न्यायाधीश श्री डालकुमार खड्कालाई मिति २०८१।०५।०५ गते, न्यायाधीश श्री ऋषि राजभण्डारीलाई मिति २०८१।०५।१७ गते,न्यायाधीशद्वय श्री टंकप्रसाद गुरुङ र श्री खडानन्द तिवारीलाई मिति २०८१।०५।२४ गतेउच्च अदालत पाटनमा स्वागत गरियो। न्यायाधीश श्री डाल कुमार खड्का उच्च अदालत दिपायलवाट, श्री ऋषि राजभण्डारी उच्च अदालत विराटनगर इलाम इजलासवाट, श्री टंकप्रसाद गुरुङ उच्च अदालत तुल्सीपुर, नेपालगंज इजलासबाट र माननीय न्यायधीश श्री खडानन्द तिवारी उच्च अदालत जनकपुर अस्थायी इजलास बीरगञ्जबाट सरुवा भई आउनु भएको थियो।



मा.न्या. श्री डालकुमार खड्का



मा.न्या. श्री टंकप्रसाद गुरुङ



मा.न्या. श्री ऋषि राजभण्डारी



मा.न्या. श्री खडानन्द तिवारी

# न्यायिक पुनरावलोकनको अवधारणा र अभ्यास



**श्यामकुमार भट्टराई**
न्यायाधीश, उच्च अदालत पाटन

## परिचय

न्यायिक पुनरावलोकन संविधानवादको महत्वपूर्ण तत्व हो, जसले मुलुकमा संवैधानिक सर्वोच्चता स्थापना गर्न सहयोग पुऱ्याउँछ । राज्य शक्तिको प्रयोगमा हुन सक्ने कुनै पनि प्रकारको स्वेच्छाचारिता रोकी कानूनको शासन स्थापना गर्नका लागि न्यायिक पुनरावलोकनको अधिकार सर्वोच्च न्यायालयलाई प्रदान गर्ने गरिन्छ । यो मुलुकमा कानूनको शासन स्थापना गर्ने र संवैधानिक सर्वोच्चता स्थापना गर्ने महत्वपूर्ण औजार हो । राज्यका अंगहरूले संविधानबाट वैधता प्राप्त गरेका हुन्छन् । यसरी वैधता प्रदान गर्ने तथा राज्यका अङ्गहरूको काम, कर्तव्य र अधिकार प्रदान गर्ने स्रोतको रूपमा रहेको संविधान विपरीत हुने गरी संविधानको उपजको रूपमा रहने राज्यका अंग र निकायहरूले कुनै पनि काम कारवाही र निर्णय गर्न पाउदैनन् भन्ने मान्यताले संविधानलाई मूल कानूनको स्थान दिई संविधानसँग बाझिने कानूनहरू बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरिएको हुन्छ ।

संवैधानिक कानूनको सिद्धान्तको रूपमा स्थापित भएको शक्तिको पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तले शासनमा स्वेच्छाचारिता नियन्त्रण गरी नागरिक हक अधिकारको संरक्षण गर्ने उद्देश्य लिएको पाइन्छ । शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई व्यवहारमा रूपान्तरण गर्ने एउटा आधार न्यायिक पुनरावलोकनको अधिकार हो । लिखित संविधानको आवश्यक तत्वको रूपमा स्थापित न्यायिक पुनरावलोकनको अवधारणा कानूनको शासन, संविधानवाद र संवैधानिक सर्वोच्चता कायम राख्ने सशक्त माध्यमको रूपमा रहेको छ । जनताको मौलिक हकको संरक्षण गर्नका लागि सरकार एक आवश्यक पूर्वशर्त हो ।... तर सरकार आफै स्वेच्छाचारी बन्यो अथवा जनताप्रति उत्तरदायी बन्न सकेन भने त्यसको रोकथाम गर्ने र राज्यका राजनीतिक अंगहरूको स्वेच्छाचारिता नियन्त्रण गर्ने उपयुक्त कानूनी माध्यम न्यायिक पुनरावलोकन नै हुन सक्छ भनी आधुनिक संविधानले यसलाई संविधानको मौलिक चरित्रभित्र समावेश गर्ने गरेको पाइन्छ ।[1]

न्यायपालिकालाई संविधानको संरक्षक र नागरिक अधिकारको परिपालक निकायको रूपमा लिइन्छ ।[२] संविधानले निर्धारण गरेको परिधि नाँघेर गरिएका काम कारवाहीहरू अमान्य र बदर गर्ने अधिकार न्यायिक पुनरावलोकनको सिद्धान्तले

---

1 टेकप्रसाद ढुंगाना, न्यायिक पुनरावलोकन, न्यायप्रशासनका आयामहरू, सोपान मासिक, २०६१ पृ. ३५

2 Judicial review is one of the instruments for checks and balances of government power through judiciary. Judiciary is considered as a custodian of the constitution. Judiciary checks the other state organs to go beyond the constitutional limits. Through the power of judicial review, judiciary controls the executive and legislative wings of government for their arbitrary use of power and protects the civil liberties. Brain Thompson, Constitutional and Administrative Law, Lawman India, New Delhi, 1995 p 342

न्यायालयलाई प्रदान गरेको हुन्छ। यही अधिकारको प्रयोग गर्दै कार्यपालिका र व्यवस्थापिकाले गरेका काम कारवाहीको संवैधानिकता परीक्षण गरिन्छ।[3] न्यायपालिकाबाटै भएका कार्यहरू पनि न्यायिक पुनरावलोकनको दायरामा पर्ने गरेका छन्।[4]

सन् १८०३ मा Marbury v. Madison को मुद्दामा अमेरिकाको सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश जोन मार्सल (John Marshall) ले गरेको व्याख्या र प्रतिपादन गरेको सिद्धान्तको विधिशास्त्रीय जगमा न्यायिक पुनरावलोकनको सिद्धान्त उभिएको पाइन्छ।[5] यद्यपि त्यहाँको संविधानले सर्वोच्च अदालतलाई व्यक्त रूपमा न्यायिक पुनरावलोकनको अधिकार प्रदान गरेको थिएन। संविधानलाई देशको मूल कानूनको रूपमा गरिएको घोषणालाई आधार लिई शुरु भएको न्यायिक पुनरावलोकनको अभ्यासलाई त्यसपछि निर्माण भएका प्रायःजसो संविधानहरूले आत्मसात गरेको पाइन्छ। पछिल्लो समयमा आएर संवैधानिक शासन र प्रजातान्त्रिक पद्दतिलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्ने महत्वपूर्ण माध्यमको रूपमा न्यायिक पुनरावलोकनको सिद्धान्त विकसित भएको देखिन्छ।

सामान्यतया न्यायिक पुनरावलोकनको क्षेत्र अन्तर्गत देहायका विषय पर्दछन्:-

१) व्यवस्थापकीय कार्य वा कानूनको न्यायिक पुनरावलोकन

२) कार्यपालिकाको कार्य वा प्रशासकीय निर्णयको न्यायिक पुनरावलोकन

३) न्यायपालिकीय कार्यको न्यायिक पुनरावलोकन

**न्यायिक पुनरावलोकनका बारेमा सर्वोच्च अदालतको व्याख्या**

हाम्रो सर्वोच्च अदालतले एउटा मुद्दामा व्याख्या गर्दै भनेको छः शक्ति पृथक्कीकरण, विधिको शासन र नागरिक हक अधिकारमाथि सदैव चुनौती उत्पन्न भैरहेका अवस्थामा नागरिकका मौलिक हक अधिकारको संरक्षक र संविधानको अन्तिम व्याख्याताको हैसियतले अदालतले मुकदर्शक भएर कार्यपालिकाका संविधान प्रतिकूल कार्यहरूलाई वैधानिकता प्रदान गर्न सक्दैन। संविधान बमोजिमको सरकार र विधिको शासन कायम गराउने दायित्व अन्ततः स्वतन्त्र न्यायपालिकामाथि नै आइ पर्दछ .[6]

निवेदक गणेश पञ्जियारको रिट निवेदनमा व्याख्या गर्दै सर्वोच्च अदालतले भनेको छः न्यायिक पुनरावलोकनको अधिकार मुख्य रूपमा देहायको प्रयोजनका लागि अपरिहार्य मानिन्छः[7]

- नागरिकको हक अधिकार तथा स्वतन्त्रताको रक्षा एवं त्यसको उपभोगको सुनिश्चितताका लागि,
- कानूनी राज्य वा विधिको शासनको अवधारणालाई व्यवहारिक रूपमा सार्थक तुल्याउनका लागि,
- सीमित सरकारको अवधारणालाई क्रियान्वित गर्नका लागि,
- शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तको प्रभावकारी प्रयोग र पालनाका लागि,

---

3 By its inherent role, the judiciary is different from other coordinate branches of the state. It has a duty to protect the constitution and to see that other organs of the state work within their defined orbit. The judiciary may get actively involved in progressive interpretation of the Constitution and the laws strengthening the rule of law and further extrapolating and entrenching the rights. As a creature of the constitution it can in no circumstance go beyond the constitutional framework which defines its power. Dr. Ananda Mohan Bhattarai, The Judicial System of Nepal: An Overview, Fifty Years of Supreme Court of Nepal, Golden Jubilee Publication 1956-2006, The Supreme Court of Nepal, 2006 pp.33-34

4 न्याय सम्पादनको क्रममा भएका कतिपय काम कारवाही उपर उपचारको वैकल्पिक मार्ग नभएको अवस्थामा सर्वोच्च अदालतले न्यायिक पुनरावलोकनको अधिकारअन्तर्गत त्यस्ता काम कारवाहीहरूको न्यायिक पुनरावलोकन गर्ने गरेको पाइन्छ। यसको उदाहरणको रूपमा अन्नपूर्ण राणा वि. गोरख समशेर समेत (नेकाप २०५५ अंक ८ नि.नं. ६५८८) को मुद्दालाई लिन सकिन्छ।

5 The U S Supreme Court very clearly and specifically claimed that it had the power of judicial review and that it would review the constitutionality of the Acts passed by the Congress. The Court argued that the Constitution seeks to define and limit the powers of the legislature, and there would be no purpose in doing so if the legislature could overstep these limits at any time. Prof. M P Jain, Indian Constitutional Law (5th ed), Wadhwa Nagpur, 2006, p.1555

6 कमलेश द्विवेदी वि. प्रम तथा मपकासमेत, नेकाप २०६७ अंक ९ नि.नं. ८४५२

7 गणेश पञ्जियार वि. न्याय परिषद्, नेकाप २०६७ अंक ३ नि.नं. ८३२९

- सरकारको काम कारवाहीहरू तथा निर्णयहरूलाई वैधानिक दायराभित्र सीमित गर्नका लागि,
- न्यायिक स्वतन्त्रता र सक्षमता सुनिश्चित गर्नका लागि,
- राज्यको कार्यकारी निकायको स्वेच्छाचारी एवं निरंकुश कार्यमा नियन्त्रण गर्नका लागि,
- संवैधानिक सर्वोच्चता कायम गरी संविधानको संरक्षण गर्नका लागि ।

सो रिटमा व्याख्या गर्दै सर्वोच्च अदालतले भनेको छ -न्यायिक पुनरावलोकन हुन नसक्ने भनी संविधानले निर्धारण गरेका सीमा रेखाहरू संविधानले अंगीकार गरेका आधारभूत सिद्धान्त, मूल्य तथा मान्यताहरूसँग मेल नखाने भएमा वा संविधानद्वारा प्रदत्त मौलिक हक हनन् गर्ने खालका काम कारवाही वा निर्णयहरू समेत न्यायिक पुनरावलोकनको दायरा बाहिर राख्ने संवैधानिक व्यवस्था आफैंमा पनि सर्वोच्च अदालतको न्यायिक पुनरावलोकनको विषय हुनसक्छ। कुनै व्यक्तिको पेशा, रोजगारी तथा मौलिक हकको रूपमा संवैधानिक संरक्षण प्राप्त अन्य हक अधिकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषयमा भएका निर्णयहरूलाई न्यायिक आत्मसंयमको सिद्धान्तको नाममा न्यायिक पुनरावलोकनको दायराबाट हटाउन मिल्दैन ।[8]

**न्यायिक पुनरावलोकनका सीमा**

न्यायिक पुनरावलोकन न्यायालयलाई प्रदान गरिएको सीमाहीन अर्थात् निरपेक्ष अधिकार (Absolute power) होइन । त्यसमा संविधान तथा कानूनले निश्चित सीमा लगाएको हुन्छ। त्यस्तो सीमा मुख्यतः शक्ति पृथक्कीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्तको अवलम्बनको क्रममा लगाइएको हुन्छ । प्रजातान्त्रिक परिपाटीको संस्थागत विकास गर्न र उत्तरदायी सरकारको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न न्यायिक पुनरावलोकनको अधिकारमा सीमा लगाइएको हुन्छ । मुख्यतः यस्ता सीमाहरू दुई प्रकारका हुन्छन् :-

१) अभिव्यक्त वा संवैधानिक तथा कानूनी सीमाहरू (Expressed or constitutional and statutory limitation)

२) अन्तरनिहीत वा आत्मनियन्त्रित सीमाहरू (Implied or self-imposed limitation).

अदालतले अपनाउने न्यायिक आत्मसंयम (Judicial self restraint) लाई यसको उदाहरणको रूपमा उल्लेख गर्न सकिन्छ ।[९] जनताबाट प्रत्यक्ष रूपमा निर्वाचित नभएको र जनताप्रति सिधै उत्तरदायित्व बहन गर्नुपर्ने अवस्था नहुने हुँदा न्यायालयले आफूलाई संयमित रूपमा प्रस्तुत गर्नुपर्दछ भन्ने मान्यताले न्यायिक आत्मसंयमको अवधारणा विकास भएको हो ।

न्यायिक निरूपणयोग्य विषय नभएको (Question of justiciability), सार्वजनिक नीति निर्माणको विषय भएको (Issue of public policy), राजनीतिक प्रश्न समावेश भएको (Political question), व्यवस्थापिकाको बुद्धिमता र सक्षमताको विषय (Subject of legislative wisdom and competency), काल्पनिक प्रश्न समावेश भएको (Hypothetical issues), कुटनीतिक सम्बन्ध (Diplomatic relations), राष्ट्रिय सुरक्षा (National security), संकटकालीन अवस्था (State of emergency), वैकल्पिक उपचारको प्रबन्ध भएको (Alternative remedy), र हकदैया (Locus standi) जस्ता आधारमा न्यायालयले न्यायिक पुनरावलोकनको

---

8 गणेश पञ्जियार वि. न्याय परिषद्, नेकाप २०६७ अंक ३ नि.नं. ८३२९

9 कानून बाझिएको भनी गरिएका त्यस्ता अपरिपक्व दावीका आधारमा अदालतको आफ्नो खास दृष्टिकोण बनाई अति सूक्ष्मसम्वेदी भई हस्तक्षेप गरी कानून बदर गर्नु संविधानसम्मत नहुने भनी सर्वोच्च अदालतले मुकुन्द अधिकारीको रिटमा गरेको आदेशलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। मुकुन्द अधिकारी वि. प्रम तथा मपका समेत, नेकाप २०७१ अंक २ नि.नं. ९१२१

क्रममा आत्मसंयम अपनाउने गर्दछ।[10] कून कसूरमा के कस्तो सजाय तोक्ने भन्ने विषय पनि न्यायिक पुनरावलोकनको क्षेत्रभित्र पर्दैन ।

कुसुम साखको निवदेनमा आदेश गर्दै सर्वोच्च अदालतले भनेको छ :संविधानमा उल्लेख भएको कुरालाई निवेदकलगायत सबैले स्वीकार गर्नुपर्दछ र संवैधानिक प्रावधानमा चित्त नबुझेमा सार्वभौम संसदले संविधान संशोधनको निर्धारित माध्यमबाट मात्र संविधानका विषयवस्तुमा संशोधन गर्न सकिने हुन्छ। यस अदालतबाट संविधानका व्यवस्थाहरूको न्यायिक परीक्षण, थपघट र संशोधन हुन नसक्ने। निवेदकहरूले उठाएका समस्त विषयवस्तुमा सार्वभौम संसदका कानून निर्माता जनप्रतिनिधिहरूले छलफल गरी विचार हुने अवस्था रहेको छ। समाज, देश र समयको आवश्यकता अनुसार मौलिक रूपमा कानून निर्माण र संशोधन गर्ने अङ्ग व्यवस्थापिका संसद हो। आवश्यकीय कानून निर्माता जनप्रतिनिधिहरू नै हुन् भन्ने मान्यता राखिन्छ। कुनै कानूनमा अस्पष्ट प्रावधानहरू रहेका छन् भने यस अदालतले व्याख्यामार्फत् कानूनी सिद्धान्त प्रतिपादन गर्न सक्दछ। तर सार्वभौम संसदसमक्ष विचाराधीन रहेको विषयमा हतार गरेर निवेदन मागका विषयमा यस अदालतबाट अहिले नै हस्तक्षेप गर्न नमिल्ने।[11]

मुख्यतः न्यायिक पुनरावलोकनको उद्देश्य सार्वजनिक अधिकारीहरूलाई कानूनले निर्धारण गरेको परिधि नाँघ्न नदिनु हो भने पुनरावेदनको उद्देश्य तल्ला अदालत वा अधिकारीबाट भएका निर्णयको परीक्षण गरी त्रुटी देखिएमा सच्याउनु हो। न्यायिक पुनरावलोकन उच्च अदालतलाई संविधानले प्रदान गरेको सुपरिवेक्षकीय अधिकार हो । त्यसले सार्वजनिक निकाय वा अधिकारीले गरेको निर्णय कानून सम्मत रहेको छ छैन भनी जाँच गर्दछ र तोकिएको प्रक्रिया पूरा नगरेको अवस्थामा त्यस्तो निर्णय बदर गर्न सक्छ तर सामान्यतयाः आफै सच्याएर निर्णय गर्दैन। पुनरावेदनको सुनुवाइ गर्दा तल्ला अदालत वा निकायले गरेको निर्णय बदर गरी माथिल्लो अदालतको मुद्दाको विषयवस्तुमा प्रवेश गरी नयाँ निर्णय पनि गर्न सक्छ। न्यायिक पुनरावलोकनको क्रममा न्यायका मान्य सिद्धान्त, संवैधानिक मूल्य मान्यता र समता, न्याय र सद्विवेक (equality, justice and good conscience) को प्रयोग गरिन्छ तर पुनरावेदनको किनारा गर्दा कानूनी तथा तथ्यगत प्रश्नको निरोपण गरिन्छ। न्यायिक पुनरावलोकनका लागि सामान्यतया उदार हकदैयाको व्यवस्था गरिएको हुन्छ तर पुनरावेदनमा हक पुगेको व्यक्तिले मात्र तल्लो अदालत वा निकायको फैसला वा निर्णयलाई चुनौती दिई पुनरावेदन दायर गर्न सक्छन्। पुनरावेदन लगायत उपचारको बैकल्पिक मार्ग भएको अवस्थामा सामान्यतया न्यायिक पुनरावलोकनको अधिकारक्षेत्र आकर्षित हुँदैन। भनिन्छ, पुनरावेदनको अधिकार कानूनको सिर्जनाको उपज हो। तर न्यायिक पुनरावलोकन संवैधानिक सर्वोच्चता र कानूनको शासनको स्थापनाका लागि अदालतको अन्तरनिहित अधिकार हो।

संवैधानिक इजलाससँग जोडिएको एउटा रिटमा सर्वोच्च अदालतले व्याख्या गर्दै भनेको छ : संवैधानिक परीक्षणको माध्यमद्वारा संविधान प्रतिकूल बनेका कानूनलाई अमान्य र बदर घोषित गरी नागरिकको मौलिक हकको संरक्षण गर्ने, संविधानवादको मान्यतालाई स्थापित गर्ने, कानूनको शासन कायम गर्ने र शासकीय सुव्यवस्था, नियन्त्रण र सन्तुलन

---

[10] न्यायिक आत्मसंयमको उदाहरणको रूपमा सर्वोच्च अदालतले एउटा रिट निवेदनमा गरेको व्याख्यालाई लिन सकिन्छ जसमाः भैरहेको कानूनी व्यवस्थाले मौलिक हकउपर अनुचित वन्देज लगाएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसँग बाझिएको अवस्था भए असाधारण अधिकारक्षेत्र ग्रहण गरी यस अदालतले अमान्य र बदर घोषित गर्ने हो। कानून प्रणाली एवं सामाजिक संरचना परिवर्तन गर्ने वा भैरहेको कानूनमा थप व्यवस्था गरी कानून संशोधनको विषयमा आदेश जारी गर्ने कार्य सामान्यतः अदालतको होइन। साथै कानूनमा यस किसिमको व्यवस्था थप गर्नु भनी सामाजिक अभियन्ता (क्यअष्वी भ्लनष्लभभचष्लन) को रूपमा अदालतले व्यवस्थापिकाको काम गर्न नमिल्ने। कानून प्रणाली एवं सामाजिक संरचना परिवर्तन गर्ने वा भैरहेको कानूनमा थप व्यवस्था गरी कानून संशोधनको विषयमा आदेश जारी गर्ने कार्य सामान्यतः अदालतको होइन। के कस्तो कानून प्रणालीको विकास गर्ने भन्ने विषय राज्यको नीतिगत विषय हो। यस्तो राज्यको छुट्टै अंगको अधिकारउपर न्यायपालिकाद्वारा प्रत्यक्ष हस्तक्षेप हुने गरी आदेश जारी गर्न नमिल्ने। फौजदारी प्रकृतिको कसूरको परिभाषा विधायिकी नीति (एयष्अिथ) को विषय भएकोले मौजुदा परिभाषा र व्यवस्थाहरूमा नीतिगत रूपमा अदालतले कुनै आदेश वा निर्देश गर्न नमिल्ने। कानून वा कसूरको परिभाषामा कुनै शब्द थप गर्ने वा नगर्ने भन्ने कुरा नितान्त विधायिकी कार्यक्षेत्रको विषय हो। वहाल रहेको कानूनी व्यवस्था महिला र पुरुषबीच भेदभावपूर्ण छ भने पनि सो व्यवस्था बदरको माग नगरेको अवस्थामा कुनै कानूनी व्यवस्थालाई भेदभावपूर्ण भनी संशोधन गर्न आदेश दिँदा कानूनको वाध्यकारितामा प्रश्न उठ्न सक्ने हुन्छ, त्यस्तो अवस्था संविधानतः स्वीकार्य पनि नमानिने भनी व्याख्या भएको छ। श्यामकृष्ण मास्के वि. प्रम तथा मपका समेत, नेकाप २०६८ अंक ४ निर्णय नम्बर ८५८९, पृष्ठ ५७१.

[11] कुसुम साख वि. व्यवस्थापिका संसद समेत, नेकाप २०७१ अंक ६ नि.नं. ९१७४

कायम गर्ने महत्वपूर्ण अधिकार र जिम्मेवारी संवैधानिक इजालासमा रहेको हुँदा यसको अविछिन्न निरन्तरता र क्रियाशीलता वाञ्छनीय देखिन्छ ।[12]

**नेपालमा न्यायिक पुनरावलोकनको अभ्यासबाट स्थापित भएका विषयहरु**

क. संविधान वा संवैधानिक व्यवस्थाको न्यायिक पुनरावलोकन हुँदैन । संविधान र संवैधानिक व्यवस्थाको आधारमा न्यायिक पुनरावलोकन गरिन्छ ।[13]

ख. कानूनको न्यायिक पुनरावलोकन गर्दा अदालतले विधायिका निर्मित कानून संविधानसम्मत रहेको अनुमान गर्दछ ।[14]

ग. संविधानसँग कानून बाझिएको भनी दावी लिने पक्षले बाझिएको कुरा स्पष्ट रुपमा पुष्टि गर्नु पर्दछ । निवेदकले यो दायित्व पूरा गर्नु पर्दछ ।[15]

घ. कानूनी रिक्तता आउने गरी अदालतले विवादमा ल्याइएको कानून अमान्य र बदर गर्नु हुँदैन ।

ङ. विधायिकाले बनाएको एउटा ऐन अर्को ऐनसँग बाझियो भनी अदालतले न्यायिक पुनरावलोकन गर्दैन ।

च. नेपाल पक्ष बनेका सन्धिका व्यवस्थाका आधारमा संविधानको न्यायिक पुनरावलोकन हुँदैन । पक्ष बनेका सन्धिका प्रावधान बमोजिमको कानूनी व्यवस्था गर्नु पर्दछ ।

छ. विधायिकाको प्रज्ञा वा बुद्धिमत्तामा न्यायालयले दखल दिनु हुँदैन ।

ज. शक्ति पृथकीकरणको सिद्धान्तलाई पराजीत हुने गरी न्यायिक पुनरावलोकन हुँदैन ।[16]

झ. राज्यको नीतिगत विषय न्यायिक पुनरावलोकनको विषय हुँदैन ।[17]

ञ. कुनै पनि प्रकारले मौलिक हक अधिकार र मानव अधिकार एवम् मानव मर्यादामा प्रभाव पार्ने कानून वैध रहन सक्दैन ।

ट. अधिकारक्षेत्र नाँघेर बनाइएको प्रत्यायोजित विधायन अमान्य र बदर हुन्छ ।[18]

ठ. कानूनको न्यायिक पुनरावलोकनमा विलम्वको सिद्धान्त आकर्षित हुँदैन । अवैध कानून जहिले पनि अवैध नै हुन्छ ।

ड. संविधान संशोधनको अधिकार प्रयोग गर्दा पनि संवैधानिक सीमाभित्र रही प्रयोग गर्नुपर्दछ ।

ढ. विधायिकामा विचाराधीन विधेयकको न्यायिक पुनरावलोकन हुँदैन ।[19]

ण. अस्तित्वमा नहरेको कानूनमा न्यायिक पुनरावलोकन हुँदैन ।

त. काल्पनिक वा असम्भव विषय लिई सस्तो लोकप्रियताका लागि न्यायिक पुनरावलोकनको निवेदन दिनु हुँदैन ।

थ. अपवादको अवस्थामा बाहेक संविधानसँग बाझिएका कानूनहरु निर्णय भएको मितिदेखि बदर हुन्छन् ।

---

[12] माधव कुमार बस्नेत वि. न्याय परिषद्समेत, नेकाप २०७५ अंक ४ नि.नं. ९९८५

[13] त्रिरत्न मानन्धरसमेत वि. प्रम तथा मपका;मेत, नेकाप २०६६ अंक १ नि.नं. ८०५२, कुसुम साख वि. व्यवस्थापिका संसद समेत, नेकाप २०७१ अंक ६ नि.नं. ९१७४

[14] रामबाबु पाठक वि. प्रम तथा मपकासमेत, नेकाप २०६९ अंक ३ नि.नं. ७८८१

[15] दुर्गा बहादुर घले वि. प्रम तथा मपकासमेत, नेकाप २०६१ अंक ८ नि.नं. ७४१८, रामबाबु पाठक वि. प्रम तथा मपकासमेत, नेकाप २०६९ अंक ३ नि.नं. ७८८१

[16] जगदेव चौधरी वि. संवैधानिक परिषद्समेत, नेकाप २०६९ अंक ८ नि.नं. ८८७२ ।

[17] विकल्प राजभण्डारी वि. प्रम तथा मपकासमेत, नेकाप २०७२ अंक १ नि.नं. ९३१९

[18] लीलामणि पौडेल वि. मपससमेत, नेकाप २०६० अंक ५।६ नि.नं. ७२१४, विजयकुमार कर्ण वि. अर्थ मन्त्रालयसमेत, नेकाप २०६२ अंक ७ नि.नं. ७५६० ।

[19] भरतमणि जंगम वि. प्रम तथा मपकासमेत, नेकाप २०७१ अंक १ नि.नं. ९१००

द. स्वतः निष्कृय भैसकेको कानूनी प्रावधान अमान्य र बदर गरिरहनु पर्दैन ।

ध. सार्वजनिक सरोकारको विवादमा संवैधानिक तथा कानूनी प्रश्न समावेश हुनु पर्दछ ।[20]

न. आवश्यकताको सिद्धान्तको दावी गर्नेले त्यसको औचित्य सिद्ध गर्नु पर्दछ ।

---

[20] भरतमणि जंगम वि. मपससमेत, नेकाप २०५९ अंक ५।६ नि.नं. ७०८८

# रिटको परिचय तथा बन्दीप्रत्यक्षीकरण र अन्य रिट बीचको भिन्नता



लोकचन ढकाल,
शाखा अधिकृत, उच्च अदालत पाटन

## परिचय

नागरिकका सारभूत अधिकार प्रचलन गराउनका लागि न्यायिक निकायबाट प्रयोग गरिने असाधारण कानूनी अधिकारलाई रिट भनिन्छ। कुनै विषयमा अधिकारप्राप्त अदालतबाट कुनै काम गर्न वा नगर्नका लागि सार्वजनिक निकायलाई गरिने आदेश रिट हो। नागरिकको हक, अधिकारको उलंघन भएको अवस्थामा सोको निरुपण गर्ने बैकल्पिक उपायको विद्यमानता नरहेमा वा नभएमा वा भए पनि प्रभावकारी नभएमा रिटमार्फत उपचार खोज्ने गरिन्छ। पछिल्ला दिनमा सरकारी निकाय वा सार्वजनिक पदाधिकारीको कार्यक्षेत्र तथा कार्यजिम्मेवारीमा भएको विस्तारले ती निकाय वा अधिकारीको अधिकारमा समेत विस्तार भएको देखिन्छ। त्यस्ता निकाय वा अधिकारीहरुको अधिकार क्षेत्रमा विस्तार भएसँगै त्यस्तो अधिकारको प्रयोगमा स्वेच्छाचारितासमेत देखा पर्ने हुँदा सो नियन्त्रणका लागि उच्च तहका न्यायिक निकायलाई असाधारण अधिकारमार्फत त्यस्तो स्वेच्छाचारिता नियन्त्रण गर्न विषेश आदेश जारी गरी उपचार प्रदान गर्ने अख्तियारी रिट हो। यसलाई त्यस्तो स्वेच्छाचारिता नियन्त्रण गर्ने प्रमुख कानूनी उपचार प्रदान गर्ने महत्वपूर्ण माध्यम तथा कानूनी शासनलाई प्रभावकारी बनाउने प्रमुख माध्यमको रुपमा समेत लिइन्छ। रिटमा अन्य नियमित मुद्दा जस्तो एक अदालतबाट फैसला हुने वित्तिक्कै पुनरावेदन गर्ने व्यवस्था हुँदैन तर आवश्यकतानुसार माथिल्लो अदालतबाट दोहोऱ्याई हेर्ने अनुमति दिएमा सोही कार्यविधिअनुसार कानूनी उपचारको प्रक्रिया अगाडि बढ्ने गर्दछ।


## नेपालमा रिटको अवधारणागत विकास

वेलायतबाट विकास भएको रिटको अवधारणा नेपालमा सर्वप्रथम प्रधान न्यायालय ऐन, २००८ ले अंगिकार गरेको देखिन्छ भने सोपछि बनेका हरेक संविधानले रिटको क्षेत्राधिकारलाई कुनै न कुनै प्रकारले अधिकारसहित व्यवस्थित गर्दै आएका छन्। हालको संविधानले धारा १३३ र १४४मा रिट क्षेत्राधिकारको बारेमा उल्लेख गरेको पाइन्छ। जसअनुसार यसको प्रयोग सर्वोच्च अदालत र उच्च अदालतले गर्ने व्यवस्था रहेको छ। बन्दीप्रत्यक्षीकरणको रिटक्षेत्राधिकार सर्वोच्च अदालत र उच्च अदालतका अतिरिक्त संविधानको धारा १५१(१) बमोजिम जिल्ला अदालतले समेत प्रयोग गर्न सक्ने व्यवस्था छ। जिल्ला अदालतलाई बन्दीप्रत्यक्षीकरणको रिटको अलावा निषेधाज्ञाको

निवेदन समेत हेर्ने अधिकार सोही धाराले प्रदान गरेको देखिन्छ। पछिल्ला दिनहरुमा निषेधाज्ञाको निवेदनलाई समेत कतिपय सरोकारवालाहरुले रिटकै रुपमा बुझ्ने गरेको पनि देखिन्छ तर निषेधाज्ञा रिट नभई निवेदन मात्र हो, जसको सुनुवाइको प्रक्रियासमेत रिटको जस्तो नभई मुद्दासँग मिल्दोजुल्दो रहेको देखिन्छ।

## रिटका प्रकारहरु

मूलरुपमा रिट ५ प्रकारका रहेका छन्। प्रत्येक रिटको विशेषता भिन्न भिन्न रहेको छ। उक्त रिटहरुको बारेमा संक्षेपमा देहायबमोजिम उल्लेख गर्नसकिन्छः




१. **बन्दीप्रत्यक्षीकरणः** यो रिट गैरकानूनी थुनामा रहेको व्यक्तिलाई तत्काल थुनामुक्त गर्न अदालतले आदेश दिने सम्बन्धको रिट हो। यो सबभन्दा पहिले विकास भएको रिट हो। यसको अर्थ बन्दीलाई अदालत वा न्यायाधीशसमक्ष सशरीर दाखिला गर्नु भन्ने हुन्छ। कुनै व्यक्तिलाई गैरकानूनी थुनामा राखिएको हो, होइन जाँच गरी प्रस्तुत रिटमा आदेश गर्ने गरिन्छ। यो रिटमा कुनै व्यक्ति गैरकानूनी थुनामा परेको हो, होइन भन्ने मात्र हेरिन्छ। अनधिकृत ढंगले वा अधिकार नै नभएको व्यक्तिले वा कानूनले तय गरेको कार्यविधि नपुर्‍याई कुनै व्यक्तिलाई बन्दी वनाइएको वा थुनामा राखिएको छ भने अदालतले त्यस्तो व्यक्तिलाई तत्काल थुनामुक्त गर्न थुनामा राख्ने व्यक्ति वा पदाधिकारीलाई आदेश दिने गर्दछ। गैरकानूनी थुना विरुद्ध तत्काल छिटो र प्रभावकारी उपचार प्रदान गर्न यो रिटको प्रयोग गरिन्छ। व्यक्तिको वैयात्तिक स्वन्त्रन्ताको संरक्षण गर्ने प्रभावकारी माध्यम हो वन्दीप्रत्यक्षीकरणको रिट। यो रिटको सुनवाईले स्वतः अग्राधिकार प्राप्तगर्दछ भने यो रिट दर्तामा हकदैया, हदम्याद जस्ता कुरामा उदार व्यवहार हुन्छ। महत्वपूर्ण कुरा के भने यो रिट संकटकालीन अवस्थामा समेत निलम्बन हुँदैन। हालका दिनहरुमा अदालतमा मूलतः दुई प्रकारबाट वन्दीप्रत्यक्षीकरणको रिटमार्फत उपचार खोज्न आउने क्रम बढ्दो रुपमा रहेको देखिन्छ। पहिलो, पक्राउ परेको समयबाट कानूनले तोकेको म्यादमा मुद्दा हेर्ने अधिकारीसमक्ष पक्राउ परेको व्यक्तिलाई उपस्थित नगराएकोमा। दोस्रो, कुनै पनि अभियोगमा

दोषी ठहर भएपछि वा नभइकन समेत प्रहरीद्वारा पक्राउ गरेमा आफू सो अभियोगको कसूरदार नभएको वा सो कसूरमा संलग्न व्यक्ति आफू नभएको भनी आफूलाई निर्दोष सावित गर्न सम्बन्धित व्यक्ति अदालतमा न्याय खोज्न आउने। यसको अलावा हालका दिनहरुमाअभियोग दर्ता भएपश्चात शुरु कारवाही गर्ने अदालत वा निकायले प्रतिवादीलाई थुनामा पठाएमा आफूलाई थुनामा पठाउने निर्णय गैरकानूनी छ, थुनामुक्त गरी तारेखमा राखी पाउँ भनी माथिल्लो अदालतमा सम्बन्धित प्रतिवादी न्याय खोज्न आउने प्रक्रियालाई समेत हालका दिनमा बन्दीप्रत्यक्षीकरणको निवेदनको रोहबाट समेत हेर्ने गरेको पाइन्छ। पहिलो र दोस्रो तरिका परम्परागत पद्दतिमा आधारित छन्, जसबाट न्याय खोज्ने पक्षले बन्दीप्रत्यक्षीकरणको रिटमार्फत नै न्याय खोज्नेछन् भने तल्लो तहबाट भएका आदेशले थुनामा पठाइएमामाथिल्लो तहको अदालतमा थुनामुक्त गर्न माग गरी आउने प्रक्रियालाई नवीन प्रक्रियाको रुपमा समेत हेरिन्छ। तर यो तरिकाबाट न्याय खोज्न बन्दीप्रत्यक्षीकरणको रिटमार्फत आउने नभई वेरितको आदेश बदर गरिपाउँ भनी निवेदनमार्फत आउने कानूनी व्यवस्था हो।

२. **उत्प्रेषणः** यो सार्वजनिक निकायबाट भएका गैरकानूनी निर्णय वा कार्य बदर गर्ने दिइने आदेश हो। तल्लो तहको न्यायिक/अर्धन्यायिक तथा प्रशासनिक नियकायबाट कार्यसम्पादन गर्ने क्रममा गैरकानूनी फैसला/निर्णय गरेमा त्यस्तो निर्णय बदर गर्न माथिल्लो तहका अदालतले जारी गर्ने आदेश उत्प्रेषण हो। यो रिट सार्वजनिक निकाय वा पदाधिकारीका नाउँमा जारी गरिन्छ। आफ्नो क्षेत्राधिकार नाघेर, कानूनमा भएको कार्यविधिको पालना नगरी, अधिकार नै नभएको विषयमा प्रवेश गरेर फैसला/निर्णय गरेमा उक्त कार्यलाई बदर गर्न माथिल्लो तहका अदालतहरुबाट यो रिट जारी गरिन्छ। तल्लो तहबाट गरेका निर्णय / फैसलाको वैधता परीक्षण गरी निर्णयमा पुग्ने काम गर्नु यसको प्रमुख उद्देश्य हो। यसरी बैधता परीक्षण गर्दा विषेशतः प्रस्ट रूपमा सरकारी वा सार्वजनिक निकायका काम कारवाहीमा कानूनी त्रुटि (apparent error of law) देखिएको, क्षेत्राधिकारको उल्लङ्घन भएको (jurisdictional error), पदिय दायित्व पूरा नगरेको (failure to perform a duty), कामकारवाहीमा बदनियत देखिएको (apparently malafide), प्राप्त भएको अधिकारको दुरुपयोग गरेको (abuse of power), प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल हुने गरी निर्णय भएको (violation of principle of natural justice) र कानूनको उचित प्रक्रियाको अवलम्बन नभएको (breach of due process of law) अवस्था जस्ता आधारमा सरकारी तथा सार्वजनिक निकायका काम कारवाहीको पुनरावलोकन गरिन्छ।

यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट **मोतीसरा रानाभाट विरुद्ध जिल्ला प्रशासन कार्यालय कास्कीसमेत भएको मुद्दामा उत्प्रेषणको रिट न्ययिक, अर्धन्यायिक निकाय वा कानूनले अख्तियार दिएको प्रशासनिक निकायबाट क्षेत्राधिकारको उल्लङ्घन गरी निर्णय गरेमा, प्राकृतिक न्यायको**

**सिद्धान्तविपरीत निर्णय गरेमा, कार्यविधि कानूनको पालना नगरी वा कानूनी त्रुटि गरी निर्णय गरेमा त्यस्ता निकाय वा अधिकारीबाट भएको गैरकानूनी त्रुटिपूर्ण निर्णयलाई बदर गर्न जारी हुने(सर्वोच्च अदालत बुलेटिन २०७५,बैशाख-२, पूर्णाङ्क ६२०, पृष्ट-१३**)भनी व्याख्या समेत भएको पाइन्छ।

यसैगरी सञ्जयकुमार के.सी. समेत विरुद्ध लक्ष्पणकुमार बि.सी. समेत भएको उत्प्रेषण/परामादेश मुद्दामा, **उत्प्रेषणको आदेश जारी हुनको लागि विभिन्न अवस्थाको विद्यमानता हुनु पर्ने भनी उत्प्रेषण जारी हुने अवस्थहरुमाः**

- *अधिकार क्षेत्रात्मक त्रुटी भएमा,*
- *कानून प्रतिकुल निर्णय गरेकोमा,*
- *प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेमा,*
- *गलत भावना लिई निर्णय गरेमा,*
- *बाध्यात्मकरुपमा अवलम्बन गर्नुपर्ने कार्यविधिको प्रयोग नगरेमा,*
- *पश्चातदर्शी असर पर्ने गरी निर्णय गरेमा,*
- *कानूनको प्रयोग एवम् ब्याख्यामा Apparent error देखा परेमा,*
- *कपटपूर्ण तरिकाले दूषित निर्णय गरेमा,*
- *अविवेकी तथा स्वेच्छाचारी ढंगले निर्णय गरेमा लगायतका विभिन्न अवस्थाहरुमा उत्प्रेषण जारी नगरे व्यक्तिको हकमा प्रत्यक्ष असर पर्ने स्थिति भएमा उत्प्रेषणको आदेश जारी गरिने। तर बैकल्पिक उपचारको विद्यमानता रहेको अवस्थामा उत्प्रेषणको आदेश जारी गर्न मिल्दैन(सर्वोच्च अदालत बुलेटिन २०७३, साउन-१,पूर्णाङ्क ६२० पृष्ट-३३-३४) ।*

यस्तै कुनै पनि निर्णय बदरका लागि **apparent error on the face of record**देखिनु पर्दछ भनी **नेकाप २०६४, अंक ५, नि.नं.७८५०** मा समेत व्याख्या भएको पाइन्छ।

३. **परमादेशः**यो कानूनी प्रक्रिया पुऱ्याई कानूनी कर्तव्य पालना गर्नका लागि जारी गरिने आदेश हो।सार्वजनिक निकाय वा पदाधिकारीलाई कानून अनुसारको कार्य प्रक्रिया पुऱ्याएर गर्नु भनी दिइने आदेश परमादेश हो।सार्वजनिक निकायलाई कानूनले तोकेको कार्यविधि पूरा गर्न, कर्तव्य पालना गर्न लगाई नागरिकको हक अधिकारको संरक्षण गरी कानूनी शासनलाई प्रभावकारी बनाउनको लागि यो रिटमार्फत आदेश हुन्छ।विशेषतः कानूनबमोजिम पालना गर्नुपर्ने कर्तव्य पुरा गर्न निर्देश गर्न यो रिट जारी हुन्छ।हालका दिनमा यो रिटमार्फत न्याय खोज्न आउने प्रवृति बढ्दो क्रममा रहेको देखिन्छ।

यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट **विष्णुमाया महर्जन विरुद्ध गुठी संस्थान केन्द्रीय कार्यालय भएको परमादेश मुद्दामा कानूनले अधिकारै नभएको निकायको नाममा परमादेश जारी हुन नसक्ने। परमादेशको आदेश जारी हुनको लागि कानूनी हक र कानूनी दायित्वको विद्यमानता हुनु**

**पर्दछ। अर्थात परमादेशको आदेश कानूनी कर्तव्य पालना गर्न लगाउने सशक्त उपचार हो (नेकाप २०६८,अंक नि.नं.८५३७)।** भनी व्याख्या भएको पाइन्छ।

४. **प्रतिषेधः** यो कानून बमोजिम बाहेकका कार्य निषेध गर्न जारी गरिने आदेश हो। तल्लो तहका न्यायिक एबं अर्धन्यायिक निकायलाई कानून विपरीतका कार्य गर्नबाट रोक्न जारी गरिने रिट नै प्रतिषेध हो। अधिकारक्षेत्र नाँघी वा अधिकार नै नभएको विषयमा निर्णय गर्न लागेको अवस्था भएको भए त्यस्तो कार्य रोक्न यो रिट जारी गरिन्छ। भए/गरेका निर्णयहरु कानून बमोजिमको कार्यविधि पूरा गरी गरिएका छन्वा छैनन् भनी परीक्षण गरी जारी गरिने आदेश प्रतिषेध हो। यो रिट सार्वजनिक वा सरकारी पदाधिकारी वा प्रशासनिक निकायका कानून विपरितका कार्य रोक्न जारी हुने गर्दछ।

५. **अधिकारपृच्छाः** यो सार्वजनिक निकायका पदाधिकारी विरुद्ध जारी हुने आदेश हो। कुनै सार्वजनिक अधिकार पाएको व्यक्ति/पदाधिकारीले अधिकारक्षेत्रको अभावमा कुनै निर्णय गरेमा त्यस्तो निर्णय गर्ने अधिकार के-कसरी प्राप्त भयो र कुन कानून अन्तर्गत रही त्यस्तो निर्णय गरिएको हो भनी जवाफ माग गर्न गरिने आदेश अधिकारपृच्छा हो। कानून बमोजिम प्राप्त गरेको अख्तियारको दुरुपयोग रोक्न यो रिट जारी गरिन्छ। यो सार्वजनिक निकाय वा कार्यालयका अधिकारी विरुद्ध मात्र जारी हुन्छ। यो अन्य रिटको तुलनामा कम प्रयोग गरिएको रिट हो।

## रिट जारी नहुने अवस्थाहरु

रिट क्षेत्राधिकार अदालतको असाधारण क्षेत्राधिकार भएकोले यसका विभिन्न परिसीमाहरु रहेका छन्। कतिपय परिसीमा कानूनमा तोकिएका छन् भने धेरै परिसीमाहरु अदालत आफैले विवादको निरुपणको क्रममा व्याख्याद्वारा विकसित गरेको छ। रिट क्षेत्राधिकारका सीमा अर्थात रिट आदेश जारी हुन नसक्ने अवस्थाहरु देहायबमोजिमका छनः

- ***बैकल्पिक उपचारको व्यवस्था भएमाः*** खोजिएको कानूनी उपचार अन्य कुनै कानूनी माध्यमबाट प्राप्त गर्ने अवस्था भएमा रिट जारी गरिदैन।
- ***मर्का परेको समयबाट धेरै ढिला गरी आएमाः*** जसलाई मर्का परेको छ, ऊ तत्काल न्याय खोज्न अदालत आउनु पर्दछ। विषय हेरी के-कति समय व्यतित गरी न्याय खोज्न आएको छ, सो अनुसार रिट जारी हुने नहुने निकौंल गरिन्छ। यद्यपि कुनै रिटमा विलम्बको सिद्धान्त हेरिदैन। जस्तो-बन्दीप्रत्यक्षीकरण।
- ***प्रमाण संकलन गर्नुपर्ने अवस्था भएकोमाः***रिट छिटो तथा छोटो कार्यविधिबाट उपचार दिने विषय भएकोले प्रमाण खोज्ने अवस्था भएमा हेर्रिदैन।

- ***अदालतमा विचाराधीन अन्य मुद्दा तथा विषयमा प्रभाव पार्ने अवस्था भएमा:*** कुनै विषयमा अदालतमा मुद्दा परी विचाराधीन रहेको र सो मुद्दालाई प्रभाव पार्ने गरी उपचार खोजी गरिएको प्रमाण भेटिएमा रिट जारी हुँदैन।
- ***राजनीतिक प्रश्न आएमा:*** राजनीतिक विषयहरु प्रवेश गराई उपचार खोजेमा सो सम्बन्धमा रिट जारी नहुन सक्छ। संवैधानिक वा कानूनी प्रश्नमा मात्र रिट आदेश जारी हुन सक्दछ। राजनीतिक प्रश्नभित्र संवैधानीक वा कानूनी प्रश्न रहेमा त्यस्ता राजनीतिक प्रश्नलाई संवैधानिक वा कानूनी प्रश्नको सम्बन्धमा भने रिट क्षेत्राधिकार आकर्षित हुन सक्दछ।
- ***विधायिकी कार्यमा हस्तक्षेप गर्न:*** सामान्यतया विधायिकाले गरेको नियमित कार्यउपर रिट जारी गरिदैनतर संविधान विपरीतका कार्य, एउटा ऐनसँग अर्को ऐन बाझिएको अवस्था जस्ता विषयमा भने भने जारी हुन सक्छ।
- ***राष्ट्रप्रमुख विरुद्धमा सामान्यतया रिट जारी हुन सक्दैन*** किनकी राष्ट्र प्रमुखले कार्यकारी वा अन्य निकायको सिफारिसमा निर्णय लिएको हुन्छ। तर राष्ट्र प्रमुखले स्वयम् निर्णय गरेको विषयमा भने यस्ता आदेश जारी हुन सक्दछ।
- ***काल्पनिक विषयमा:*** कसैले काल्पनिक विषय उठान गरी अनुमान गरेर न्याय खोज्दैमा रिट जारी हुन्छ भन्ने हुदैन।
- ***कानून अनुसार निर्णय भएकोमा:*** कुनै निकायबाट कानून अनुसारको कार्यविधि अपनाएर गरेका कामकावाहीउपरसमेत रिट जारी गरिदैन।

रिट त्यस्तो विषय हो जसको माध्यामबाट उपचार खोज्ने व्यक्तिले छिटो तथा छोटो कार्यविधिबाट उपचार पाँउनेछन। रिटमार्फत उपचार खोज्नेले निवेदनमा आफ्नो कानूनी तथा संवैधानिक हक हनन् भएको भनी प्रष्ट किटानीका साथ उठाएको हुनुपर्दछ। विवादको विषय राज्य वा सोको निकायबाट सिर्जित भएको हुनुपर्नेछ भने सोही निकायका विरुद्ध मर्का पर्ने पक्षले रिट दायर गरेको हुनु पर्दछ। विवादको विषय सामान्यतया सार्वजनिक हक हित जोडिएको हुन्छ। राजनीतिक विषयमा रिट प्रवेश नै हुँदैन भने प्राज्ञिक विषयमा मात्र रिट सीमित हुदैन, रिट त वास्तविक हकहितको छिनोफानो गर्ने खालको हुनुपर्दछ।

यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **उपभोक्ता हित संरक्षण मञ्च नेपाल विरुद्ध होटल संघ नेपाल समेत भएको उत्प्रेषण / परमादेश / प्रतिषेध मुद्दामा गरेको व्याख्या अनुसार सर्वोच्च अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गर्न निम्न शर्तहरु पूरा भएको देखिनु पर्दछः**

- ***विवादको विषयबस्तु राज्य वा त्यसको कुनै अंग निकाय वा अधिकारीको कृयापलापबाट उठान भएको वा त्यस्तो अधिकारीको सो कृयाकलापमा संलग्नता भएको देखिनु पर्दछ,***

- *विवाद राज्य वा त्यसको कुनै अंग निकाय वा अधिकारीलाई मुख्य विपक्षी बनाई निज विरुद्ध दायर भएको हुनपर्दछ,*
- *विवादको विषय सार्वजनिक हक हित वा सरोकारको हुनुपर्दछ,*
- *विवादमा संवैधानिक वा कानूनी प्रश्न विद्यमान भए रहेको हुनुपर्दछ र*
- *विवादको निरुपण केवल प्राज्ञिक प्रश्नसम्ममा मात्र सीमित नरहेर बास्तविक रुपमा हक हितको छिनोफानो गर्ने हुपर्दछ। (नेकाप २०६४, अंक नि.नं. ७९०३, पृष्ट १५३१-१५३२)*

**अदालतमा दर्ता भएको रिटउपर सुनुवाइको क्रममा अपनाइने प्रक्रिया**

कानूनी तथा संवैधानिक हक अधिकारको हनन् भएमा हनन् हुने पक्षले उपचार खोज्न अदालतमा रिटमार्फत निवेदन दिएमा उक्त रिट निवेदनउपर सुनुवाई गर्दा निश्चित कार्यविधिगत प्रक्रियाहरु अपनाउनुपर्ने हुन्छ। त्यस्ता प्रक्रियाहरु देहायबमोजिम छनः

**बन्दीप्रत्यक्षीकरणमा,**

- रिट दायर भएपछि सम्भव भए सोहीदिन, नभएमा सोको भोलिपल्ट पेशी राखी विपक्षीहरुको नाउँमा म्याद तामेल गराई छोटो अवधिमा(अर्थात सामान्यतया २४ घन्टादेखि ३ दिनभित्र) बन्दी बनाउनुपर्ने कारणसहित लिखित जवाफ पेश गर्न आदेश गरिन्छ। उक्त आदेशमा बन्दीलाई सशरीर उपस्थित गराउने भन्ने समेत आदेश हुन सक्छ। लिखित जवाफ पर्ने वित्तिकै तत्काल पेशी राखी सोही दिन नै अन्यथा आदेश दिनुपर्ने अवस्था नभएमा सुनुवाइ गरी अन्तिम आदेशको लागि टुङगोमा पुगिन्छ।

**अन्य रिटहरुमा,**

रिट दायर भएपछि पेशी राखी पेशीको दिन हुन सक्ने आदेशहरुः

- ✓ विपक्षीहरुका नाउँमा म्याद जारी गरी बाटोको म्याद बाहेक १५ दिनभित्र माग बमोजिम आदेश जारी नहुने कारण भए सो समेत खुलाईलिखित जवाफ पेश गर्ने,(एकल इजलासबाट)
- ✓ अन्तरिम आदेश माग भएको भए जारी हुन सक्ने,(एकल इजलासबाट)
- ✓ जारी भएको अन्तरिम आदेश अर्को पक्षलाई चित्त नवुझेमा अन्तरिम आदेश खारेज गरी पाउँ भनी निवेदन दिन सक्ने, त्यस्तो निवेदन परेमा पेशीमा राखी खारेज हुने वा निरन्तरता दिने सम्बन्धमा निर्कौल गर्ने,(सयुक्त इजलासबाट)
- ✓ अन्तरिम आदेश जारी नहुन पनि सक्ने,(एकल इजलासबाट)
- ✓ रिटको औचित्यता नभए/नदेखिएमा रिट खारेज समेत हुन सक्ने (एकल इजलासबाट)

- ✓ अल्पकालीन अन्तरिम आदेश दिई अन्तरिम आदेश छलफलको लागि दिन किटान गरी दुवै पक्षलाई झिकाउने आदेश हुने, तोकिएको दिनमा दुवै पक्षको उपस्थितिमा भएको छलफलपश्चात यस अघि दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने भनी आदेश हुने,(सयुक्त इजलासबाट)
- ✓ सबैको लिखित जवाफ पेश भएपश्चात पेशी राखी अन्यथा आदेश गर्नुपर्ने अवस्थामा बाहेक सुनुवाइ गरी अन्तिम आदेश गर्ने,(सयुक्त इजलासबाट)

**बन्दीप्रत्यक्षीकरणको रिट र अन्य रिटमा भएका मुख्य भिन्नताहरु**

वन्दीप्रत्यक्षीकरणको रिट कुनै व्यक्तिलाई गैरकानूनी तवरले थुनामा राखेको छ, छैन भनी जाँचवुझ गरी गैरकानूनी भएमा तत्काल थुनामुक्त गर्न आदेश दिन जारी गरिन्छ भने अन्य रिटहरुमा नागरिकका मौलिक तथा कानूनी हक संकुचित भएको, सार्वजनिक निकाय वा पदाधिकारीले कानून अनुसारको कार्य सम्पन्न नगरेको, कानूनले दिएको अधिकारक्षेत्रभन्दा बाहिर गई कार्य सम्पादन गरेको भनी मर्का पर्ने पक्षले निवेदन दिएमा सो सम्बन्धमा के-कसो हो, जाँचवुझ गरी सोही अनुसार आदेश गरिन्छ। वन्दीप्रत्यक्षीकरण रिटको सुनुवाइमा तत्काल सुनुवाइको व्यवस्थासहितको कार्यविधि तय गरी अग्राधिकार समेत दिएको हुन्छ भने अन्य रिटहरु मुद्दाको रोहमा सोही अनुसारको कार्यविधिमार्फत सुनुवाइ गरिन्छ। अर्को महत्वपूर्ण कुरा वन्दीप्रत्यक्षीकरणको रिटबाट उपचार पाउने हक संकटकालीन अवस्थामा समेत निलम्वन हुदैन तर अन्य कतिपय मौलिक हकहरु संकटकालमा निलम्बन हुन सक्ने हुँदा यस्तो अवस्थामा रिट क्षेत्रमार्फत उपचार प्राप्त हुन नसक्ने अवस्था पनि आउन सक्तछ।

**वुँदागत रुपमाबन्दीप्रत्यक्षीकरण र अन्य रिटहरुकाबीचमा रहेका मूलभूत भिन्नता निम्न बमोजिम उल्लेख गर्न सकिन्छः-**

| बन्दीप्रत्यक्षीकरणको रिट | अन्य रिट |
|---|---|
| बन्दी बनाएको विषयलाई मात्र हेर्ने। | संवैधानिक एवं कानूनी हक अधिकार प्रचलन गराउनको लागि जारी गरिने। |
| यो रिटको सुनुवाइमा प्राथमिकता तथा अग्राधिकार समेत दिइन्छ। | इजलासले अन्यथा आदेश दिएको अवस्थामा वाहेक नियमित प्रक्रियाबाट सुनुवाइ हुने। प्राथमिकता, अग्राधिकार हुँदैन। तर महिला बालबालिका, वृद्धवृद्धा लगायत जोडिएका तथा विषयबस्तुको गाम्भीर्यताका आधारमा अन्य रिटमा आवश्यकतानुसार अग्राधिकार |

| | |
|---|---|
| | रहने गरी आदेश हुन सक्ने। |
| हकदैया, हदम्याद उदार हुने- जो कोहीले जहिलेसुकै निवेदन दर्ता गर्न सक्ने। | हकदैया तथा विलम्बको दृष्टिले हेरिने।तर सार्वजनिक सरोकारको विवादमा उदार दृष्टिकोणले हेरिने। |
| छोटो कार्यविधि रहन्छ। सामान्यतया पेशी स्थगन गर्न पाइदैन। | नियमित कार्यविधि रहन्छ, प्रक्रिया केही लामो पनि हुन सक्छ।पक्ष विपक्षले बढीमा दुई पटक काबु बाहिरको अवस्था देखाइ स्थगन माग्ने अभ्यास विकास भएको छ। |
| व्यक्तिगत स्वतन्त्रताको रक्षा गर्ने प्रमुख उदेश्य रहन्छ | मौलिक तथा कानूनी हककोरक्षा गरिने।सार्वजनिक सरोकारको विषयमा समावेश हुने। |
| संकटकालीन अवस्थामा समेत निलम्बन नहुने। | संकटकालमा निलम्वन हुन सक्ने। |
| विलम्बको सिद्धान्त आकर्षित नहुने। | यो सिद्धान्त आकर्षित हुन सक्तछ। |
| गैरकानूनी बन्दी बनाउने विरुद्ध जारी हुने, त्यो चाहे सरकारी वा सार्वजनिक निकाय वा व्यक्ति नै किन नहोस। | कानून विपरित तल्लो तहका न्यायिक तथा अर्धन्यायिक वा सार्वजनिक वा प्रशासनिक अधिकारीको निर्णय, कार्य वा अकार्य विरुद्ध जारी हुने। |
| यो रिट तीन तहकै अदालतबाट सुनुवाई गरी निष्कर्षमा पुगिन्छ। | यो रिट सर्वोच्च तथा उच्च अदालतबाट सुनुवाइ गरी निष्कर्षमा पुगिन्छ। |
| यो रिट दायर गर्दा कुनै दस्तुर लाग्दैन। | यो रिट दायर गर्दा तोकिएको दस्तुर लाग्नेछ। |
| यसमा सर्च वारेन्ट जारी गरी अदालतले थप जानकारी लिन सक्छ। | सामान्यतया प्रमाण बुझिँदैन। |

**निष्कर्ष**

मूलरुपमा मौलिक हकको प्रचलन र कानूनी हकको संरक्षण गर्नका लागि रिट जारी गरिन्छ।कानूनी शासनलाई स्थायित्व दिन, स्वेच्छाचारिताको नियन्त्रण गर्न, कानून तथा कार्यविधिको पालना गराई पूर्ण न्यायको प्रत्याभूत गराउने मूल उद्देश्यका साथ रिटको अवधारणा विकास भएको देखिन्छ।प्रारम्भिक समयमा यसलाई साँघुरो परिधिभित्र राखी हेरिएको भनी आरोप लागेपनि हालका दिनमा सार्वजनिक

निकायको काम कारवाहीउपर उत्तरदायित्वको मात्रामा भएको विस्तारसँगै रिट क्षेत्रको समेत विस्तार भइरहेको देखिन्छ। पछिल्ला दिनहरुमा संवैधानिक वा कानूनी प्रश्नकोको निरुपणको नाममा कतिपय राजनीतिको विषय समावेश गरी रिट क्षेत्रको अभ्यास भएको भनी विभिन्न टिक्काटिप्पणी हुने गरेको पाइन्छ। त्यसैले रिट क्षेत्राधिकारको प्रयोग गर्ने अधिकारप्राप्त अदालतले बढो संयमतापूर्वक आधार र प्रमाणको समुचित विश्लेषण गरी रिटका स्वीकृत सिद्धान्त र स्थापित मानकका आधारमा त्यस्ता विवादलाई न्यायसंगत तवरबाट समाधान गर्नुपर्ने देखिन्छ। हाम्रो सन्दर्भमा रिटको अभ्यास निरन्तर विस्तारित हुँदै आएको र यसै सन्दर्भमासार्वजनिक सरोकार रहेका भनी दायर भएका रिटमा सम्मानित सर्वोच्च अदालतबाट अभ्यास गरिएका न्यायिक कार्यले संवैधानिक तथा विधिशास्त्रको विकासमा ठूलो योगदान समेत गरेको देखिन्छ। रिटको सही प्रयोगबाट सार्वजनिक प्रशासन समेतलाई संविधान र कानूनको वाञ्छित सीमाभित्र राख्न र सीमित सरकार (limited government) को अवधारणालाई व्यवहारमा रुपान्तरण गर्न महत्वपूर्ण सहयोग पुग्ने हुँदा यसको प्रयोगलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउदै लैजानु पर्ने देखिन्छ।

---

## मुद्दाको तथ्याङ्कगत विवरण

### अदालतहरूको मुद्दाकोलगत, फछ्र्यौट र बाँकीको विवरण
### (२०८१ साल भाद्र मसान्त सम्म)

| सि.नं. | अदालत | लगत | | | फछ्र्यौट | प्रतिशत | बाँकी | बाँकी मध्येका |
|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी | नयाँ दर्ता | जम्मा लगत | | | | २वर्षना घेका |
| १ | उच्च अदालत पाटन | ५१६२ | २२४६ | ७४०८ | १७०६ | २३.०३% | ५७०२ | ७६ |
| २ | उच्च अदालत पाटन हेटौंडा इजलास | ३७४ | ३३२ | ७०६ | १९२ | २७.२०% | ५१४ | ० |
| ३ | काठमाडौं जिल्ला अदालत | २६४८८ | ४६९० | ३११७८ | ३२११ | १०.३०% | २७९६७ | १९०५ |
| ४ | भक्तपुर जिल्ला अदालत | ३९१९ | ७६८ | ४६८७ | ५१५ | १०.९९% | ४१७२ | २४९ |
| ५ | ललितपुर जिल्ला अदालत | ३५१८ | ८६७ | ४३८५ | ५२१ | ११.८८% | ३८६४ | ४३ |
| ६ | काभ्रेपलाञ्चोक जिल्ला अदालत | १३५७ | ४४४ | १८०१ | २४९ | १३.८३% | १५५२ | २१ |
| ७ | सिन्धुपाल्चोक जिल्ला अदालत | २६० | १८५ | ४४५ | १२४ | २७.८७% | ३२१ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | दोलखा जिल्ला अदालत | २०१ | ६४ | २६५ | ५५ | २०.७५% | २१० | ० |
| ९ | रसुवा जिल्ला अदालत | २७ | २५ | ५२ | ११ | २१.१५% | ४१ | ० |
| १० | रामेछाप जिल्ला अदालत | १३१ | ६९ | २०० | ३२ | १६.००% | १६८ | ० |
| ११ | नुवाकोट जिल्ला अदालत | २५५ | १३६ | ३९१ | ६६ | १६.८८% | ३२५ | २ |
| १२ | धादिङ जिल्ला अदालत | ५३१ | १४१ | ६७२ | १७१ | २५.४५% | ५०१ | १० |
| १३ | सिन्धुली जिल्ला अदालत | ६५९ | १९४ | ८५३ | १४७ | १७.२३% | ७०६ | ८१ |
| १४ | चितवनजिल्ला अदालत | १९५० | ८४३ | २७९३ | ५३८ | १९.२६% | २२५५ | ७ |
| १५ | मकवानपुर जिल्ला अदालत | १५९७ | ४३४ | २०३१ | २८१ | १३.८४% | १७५० | ३२ |

## लेख उपलब्ध गराइदिनु हुन अनुरोध

उच्च अदालत पाटनको इ-बुलेटिनको आगामी अङ्कका लागि कानून, न्याय र न्यायिक सिद्धान्तसँग सम्बन्धित विषयमा कम्तिमा १५०० शव्ददेखि बढीमा २००० शव्दसम्मका लेख रचनाहरू नेपाली युनिकोड फण्टमा उपलब्ध गराई दिनु हुन उच्च अदालत पाटन र मातहतका अदालतहरूमा कार्यरत न्यायाधीश तथा कर्मचारीहरूमा हार्दिक अनुरोध छ।

| इ-बुलेटिन प्रकाशन समिति | |
|---|---|
| **श्यामकुमार भट्टराई, न्यायाधीश** | संयोजक |
| **ब्रजेश प्याकुरेल, न्यायाधीश** | सदस्य |
| **दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश** | सदस्य |
| **श्रीलाल पौडेल, रजिष्ट्रार** | सदस्य |
| **गिरीराज भण्डारी, शाखा अधिकृत** | सदस्य |
| **अनित नाथ कायस्थ,सूचना प्रविधि अधिकृत** | सदस्य |

| इ-बुलेटिन सम्पादन समिति |
|---|
| **शाखा अधिकृत इन्दु पाण्डे** |
| **शाखा अधिकृत गिरीराज भण्डारी** |
| **शाखा अधिकृत लोकचन्द्र ढकाल** |
| **शाखा अधिकृत मोनिका चौधरी** |
| **शाखा अधिकृत हृदयचन्द्र राई** |